REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 25.03.2024

## SKM Candidates

**सिक्किम क्रान्तिकारी मोर्चा पार्टीले आज आगामी लोकसभा र विधानसभा चुनाव लागि आफ्ना उम्मेद्वार घोषणा गरेको छ। मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले सोरेङ-च्याखुङ र रिनाक दुईवटा निर्वाचन क्षेत्रबाट चुनाव लडनुहुनेछ। अन्य उम्मेदवारहरू यसप्रकार छन्:**

छिरीङ थेन्डुप भोटिया, योकसम टासिडिङ; भीमहाङ लिम्बू, याङथाङ; सुदेश कुमार सुब्बा, मानेबुङ-देन्ताम; लोकनाथ शर्मा, गेजिङ-बर्मेक; एरुङ तेन्जिङ लेप्चा, रिन्चेनपोङ; मिङमा नोर्बु शेर्पा, दरामदिन; मदन सेन्चुरी, जूम-सालघारी; रिक्सेल दोर्जी भोटिया, बार्फुङ; भोजराज राई, पोकलोक-काम्राङ; कृष्णा कुमारी राई, नाम्ची-सिङ्गीथाङ; नरबहादुर प्रधान, मल्ली; सन्जित खरेल, नामथाङ-रातेपानी; बेदुसिंह पन्थ, तिमी-नामथिङ; राजकुमारी थापा, राङगाङ-याङथाङ; सान्दुप छिरीङ भोटिया, तुमिन-लिङ्गी; नरबहादुर दहाल, खामदोङ-सिङताम; लालबहादुर दास, वेस्ट पेन्दाम; पुरन गुरुङ, छुचाचेन; पामिन लेप्चा, नाथाङ-माचोङ; राजु बस्नेत, नाम्चेबुङ; कुङ्गा निमा लेप्चा, श्यारी; सोनाम छिरीङ भेन्चुङ्पा, मार्तम-रुम्तेक; जिटी ढुङ्गेल, अप्पर तादोङ; अरुण कुमारी उप्रेती, आरिथाङ; दिले नाम्ग्याल बार्फुन्पा, गान्तोक; कला राई, अप्पर बुर्तुक; थिन्ले छिरीङ भोटिया, काबी-लिन्चेक; पिन्सो नाम्ग्याल लेप्चा, जङ्गु; सान्दुप लेप्चा, लाचेन-मङ्गन; र सोनाम लामा, संघ।

**त्यसै गरी, पार्टीले डा. इन्द्रहाङ सुब्बालाई लोक सभा सिटका लागि आफ्नो उम्मेदवार घोषणा गरेको छ।**

## SDF-Candidates

एसडीएफ पार्टीले पनि आगामी लोकसभा र विधानसभा चुनावका लागि आफ्नो उम्मेदवार घोषणा गरेको छ। विधानसभा चुनावका लागि उम्मेद्वारहरू यस प्रकार छन्

त्यसै गरी, पार्टीले लोकसभा चुनावका लागि श्री पी.डी. राई लाई आफ्नो उम्मेद्वार घोषणा गरेको छ।

## BJP-Candidates

भारतीय जनता पार्टीले हिजो सिक्किम प्रदेश उपाध्यक्ष श्री दिनेशचन्द्र नेपाललाई सिक्किमका निम्ति लोकसभा उम्मेदवार घोषणा गरेको छ। साथै, भाजपाको केन्द्रिय चुनाव समितिले विधानसभा चुनावका लागि 14 जना उम्मेदवार घोषणा गऱ्यो, जसमध्ये सिक्किम प्रदेश पार्टी अध्यक्ष श्री डीआर थापा अप्पर बुर्तुक निर्वाचन क्षेत्रबाट चुनाव लड्नुहुनेछ। यसै गरी, सिटिजन एक्सन पार्टी सिक्किमले लोकसभाको एकमात्र सीटका लागि उम्मेदवारका रूपमा पार्टीका अन्तरिम अध्यक्ष श्री भरत बस्नेतको नाउँ घोषणा गरेको छ।

## Holi

सारा देशसँग आज सिक्किममा पनि रङ्को पर्व होली हर्षोल्लासका साथ मनाइयो। राजधानी गान्तोकमा रङले रङ्गिएका मानिसहरू रमाउँदै होली खेलेको देखियो। प्रचलित कथाअनुसार, दैत्य राजा हिरण्यकशिपुका पुत्र प्रह्लादलाई मार्न हिरण्यकशिपुकी बहिनी होलीकाले काखमा लिएर आगोमा बस्दा भगवानको कृपाले होलिका जलेर भष्म भइन् तर प्रल्हाद चाहिँ बाँचे। त्यसलै, यो पर्व नराम्रोमाथि राम्रोको विजयको प्रतीकको रूपमा मनाइन्छ।

## Soreng-Nomination process

सोरेङका जिल्लापाल सुश्री यिशे डी. योङ्दाले आज सोरेङमा आम निर्वाचनका लागि निर्वाचन अधिकारीहरूको टोलीमा संलग्न सबै अधिकारीहरूको समन्वय बैठक सञ्चालन गर्नुभयो। बैठकमा उहाँल सबै टोलीलाई पुन: एकपटक संक्षिप्त जानकारी गराउन अनि नामांकन र छानबिनका सबै पक्षबारे समीक्षा गर्न बैठक बोलाइएको बताउनुभयो। साथै, उहाँले सबै सहायक निर्वाचन अधिकारी र आफ्ना सम्बन्धित टोलीहरूलाई सूचीलाई राम्ररी जाँच्न अनि आ-आफ्नो कार्य इमानदारीका साथ गर्न निर्देशन दिनुभयो।

## The final exchange of Form 12 and 12D

अवशिष्ट फारम 12 र फारम 12D को अन्तिम अन्तर-जिल्ला आदानप्रदान आज रम्फूस्थित राज्य स्तरीय आदानप्रदान केन्द्रमा सम्पन्न भयो। यसको अनुगमन कृषि तथा बागवानी विभागका अतिरिक्त निर्देशक श्री छिरिङ छोपेल भोटिया र हुलाक मतपत्रका जिल्ला नोडल अधिकारीहरूले अनुगमन गरेका थिए। निर्वाचन प्रक्रियामा शुद्धता सुनिश्चित गर्नका लागि सावधानीपूर्वक जाँच प्रक्रिया लागू गरियो, र यी महत्त्वपूर्ण कागजातहरू प्रत्येक जिल्लामा तोकिएका नोडल अधिकारीहरूलाई वितरण गरियो।